# हेटौडा उपमहानगरपालिका

# वडा नं. ६

# बालबालिकाको वस्तुगत विवरण- २०७९

## CHILDREN PROFILE-2079

बालबालिकाको वस्तुगत विवरण- २०७९

प्रकाशक

हेटौडा उपमहानगरपालिका
वडा नं. ६ को कार्यालय

# विषय सूची


खण्ड १ परिचयः ....... 3

**११. वडाको परिचय** ....... 3

**१ऐतिहासिक २. पृष्ठभूमि तथा विशेषता** ....... 3

**१३. प्रमूख व्यवसाय र रोजगारीको अवस्था** ....... 3

खण्ड २ बालमैत्री स्थानीय शासनको वडागत अवधारणा ....... 4

**२१. बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता** ....... 4

**२२. विद्‌यमान ऐननियममा बालबालिका सम्बन्धि भएको व्यवस्था** ....... 5

२२..१ नेपालको संविधान ....... 5

२२..२ स्थानीय सरकार संचालन ऐन २०७४ ....... 5

२२..३ बालबालिका सम्बन्धि ऐन २०७५ ....... 6

२२..४ दिगो विकास लक्ष्य ....... 6

२२..५ बाल अधिकार सम्बन्धि महासन्धि १९८९ ....... 7

२२..६ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ ....... 7

२२..७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ ....... 7

२२..८ बाल विवाह अन्त्यकालागि राष्ट्रिय रणनीति २०७२ ....... 7

२२..९ पन्ध्रौं योजना २०७६)/७७–२०८१/८२( ....... 8

**२बालमैत्री स्थानीय शासनको पृष्ठभूमि ३.** ....... 8

२३..१ बालमैत्री ....... 8

२३..२ बालमैत्री स्थानीय शासन ....... 8

**२बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र ४.** ....... 9

२.४.१ बाल बचाउ ....... 9

२.४.२ बाल संरक्षण ....... 9

२.४.३ बाल विकास ....... 10

२.४.४ बाल सहभागिता ....... 10

**२बाल समूह सम्बन्धि विवरण ५.** ....... 10

**२.६ वडा तहको शासकीय संरचनामा बाल सहभागिता** ....... 10

**२.७ बालमैत्री स्थानीय शासन वडा समितिको विवरण** ....... 11

**२.८ बाल भेला र बालबालिकाकोलागि बजेट विनियोजनको विवरण** ....... 11

खण्ड ३ जनसंख्या ....... 12

**३.१ बालबालिका उपश्थित घरपरिवार र घरमुली संख्या** ....... 12

**३.२ लिङ्ग, उमेर समूह तथा जातिगत आधारमा जनसंख्या** ....... 12

**३.३ बालबालिकाको जनसंख्या** ....... 13

**३.४ भाषाका आधारमा जनसंख्या** ....... 14

**३.५ जन्मदर्ता सम्बन्धि विवरण** ....... 14

**३.६ बाल विवाहको अवस्था** ....... 15

३.६.१ विवाह सम्बन्धि विवरण ....... 15

३.६.२ उमेरगत विवाह सम्बन्धि विवरण....15
३.६.३ बाल विवाह सम्बन्धि विवरण....15
**३.७ प्रति परिवार औषत बालबालिका संख्या**....15
**३.८ अपाङ्गता भएका बालबालिका सम्बन्धि विवरण**....16
**खण्ड ४ बाल तथा मातृ स्वास्थ्य**....17
**४.१ सुरक्षित मातृत्व कार्यक्रम**....17
**४.२ खोप लगाउने बालबालिका सम्बन्धी विवरण**....17
**४.३ बालबालिकामा पोषणको स्थिति**....18
४.३.१ स्तनपात सम्बन्धी विवरण....18
४.३.२ कुपोषणबाट प्रभावित बालबालिका सम्बन्धी विवरण....18
**४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु**....19
**४.५ मुख्य उपचार केन्द्र, लाग्ने समय र सामर्थ्य**....19
**४.६ प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण**....20
४.६.१ प्रसुति पूर्व गर्भवति महिलाहरुको स्वास्थ्य परिक्षण विवरण....20
४.६.२ प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण....21
**४.७ टिडी खोप सम्बन्धी विवरण**....21
**४.८ आइरन चक्की सेवन सम्बन्धी विवरण**....21
**४.९ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण**....22
**४.१० नियमित रुपमा तौल लिएको बालबालिका सम्बन्धि विवरण**....22
**४.११ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धि विवरण**....23
**४.१२ एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका**....23
**४.१३ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धि विवरण**....23
**४.१४ शौचालय तथा सरसफाई सम्बन्धी अवस्था**....23
**४.१५ खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण**....24
**खण्ड ५ शैक्षिक अवस्था**....27
**५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण**....27
**५.२ शैक्षिक संस्थाहरुको विवरण**....27
**५.३ छात्रछात्राको विवरण**....27
५.३.१ शैक्षिक संस्था र विध्यार्थी विवरण....27
५.३.२ वडाको बिद्यार्थी विवरण....28
**५.४ विद्यालय पुग्न लाग्ने समय**....29
**५.५ विद्यालयमा खानेपानीको सुविधा**....30
**५.६ छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था**....30
**५.७ कक्षाकोठा, फर्निचर, खेल मैदान सम्बन्धि विवरण**....30
**५.८ विद्यालय भर्ना नभएका बालबालिकाको विवरण**....31
**५.९ विद्यालय जान छोड्नेहरु सम्बन्धि विवरण**....31

**५.१० बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण** ........ 32
**खण्ड ६ बाल संरक्षण** ........ 33
**६.१ द्धन्द्ध पिडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण** ........ 33
**६.२ विस्तापित बालबालिका सम्बन्धी विवरण** ........ 33
**६.३ बालबालिकामाथि हुने भेदभाव सम्बन्धी विवरण** ........ 33
**६.४ बालश्रमिक सम्बन्धी विवरण** ........ 34
**६.५ बाल यौन शोषण तथा बेचविखन सम्बन्धी विवरण** ........ 34
**६.६ सडक बालबालिकाको विवरण** ........ 35
**६.७ कुलतमा लागेका बालबालिकाको विवरण** ........ 35
**६.८ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण** ........ 35
**६.९ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण** ........ 35
**६.१० जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिकाको विवरण** ........ 35
**६.११ संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण** ........ 35
खण्ड ७ आर्थिक विकास ........ 36
**७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण** ........ 36
**७.२ आम्दानीले खान पुग्ने अवस्था सम्बन्धी विवरण** ........ 36
**७.३ युवा पेशा/रोजगारी सम्बन्धी विवरण** ........ 37
**७.४ रोजगारीकालागि विदेशमा गएकाहरुको विवरण** ........ 37
खण्ड ८ प्रकोप तथा शान्ति सुरक्षा ........ 38
**८.१ प्रकोपको विवरण** ........ 38
**८.२ प्रकोपबाट भएको क्षतिको विवरण** ........ 38
**८.३ बाल अपराधको विवरण** ........ 38

# खण्ड १ परिचयः

## १.१ वडाको परिचय

२०७१ साल मंसिर १६ गतेको नेपाल सरकारको निर्णयबाट हेटौंडा उपमहानगरपालिका स्थापना भएको हो। नेपालको संविधान २०७२ अनुसारको नयाँ संरचना अनुरुप मकवानपुर जिल्लाका एक मात्र उपमहानगरपालिका बागमति प्रदेशको राजधानीको रुपमा रहेको छ। यस उपमहानगरपालिकामा जम्मा १९ वटा वडाहरु छन्।

वडा नम्बर ६ को क्षेत्रफल ८.५४ वर्ग कि.मी. रहेको छ। यस वडाको वडा नं. १६ र १७ पश्चिममा वडा नं. ७ उत्तर तर्फ मकवानपुरगढी र दक्षिणमा वडा नं. १५ अवस्थित छ। यस वडाको करिव बिच भाग बाट पूर्व पश्चित भएर कर्रा खोला बगेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस उपमहानगरपालिकाको कूल जनसंख्या १,९३,५७६ (९५,६७८ पुरुष र ९७,८९८ महिला) रहेको छ। यस वडामा (श्रोतः घरधुरी सर्वेक्षण, २०७९) अनुसार १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या २,१०० रहेको छ जस्मा १,१३४ बालक र ९६६ बालिका रहेका छन्।

## १.२ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता

यस वडाको मुख्य बस्तिहरुमा चौघडा, चुच्चेखोला, हात्तिलेट, सल्लाघारी, रामनगर र गौरिटार हुन। यस वडा भएर राष्ट्रिय राजमार्ग कान्ति लोकपथ काठमाण्डौं सम्म गएको छ। यस वडाका अधिकांश भागहरु ग्रामिण प्रकृतिका छन्। यस वडा भित्र वंशगोपाल मन्दिर, गौरिटार रंगशाला जस्ता स्थानहरु रहेका छन् र यस वडा खुवाको लागि प्रख्यात छ। यस वडाको करिव मध्य भाग भएर कान्ति राजपथ र कर्रा खोला गएको छ।

## १.३ प्रमूख व्यवसाय र रोजगारीको अवस्था

यस वडामा सेवा-नोकरीको क्षेत्रमा सबैभन्दा धेरै परिवारहरु आवद्ध रहेका छन् अर्थात ३५% परिवार सेवा नोकरीमा छन् भने २३% व्यापार-व्यवसायमा संलग्न छन्। कृषि र पशुपालन गर्नेहरु ७ प्रतिशत र ज्याला मजदुरी गर्नेहरु १६ प्रतिशत छन्। यस वडाबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या ७१० रहेको छ र ती मध्ये २५.२ प्रतिशत महिला छन्। उनीहरुबाट प्राप्त विप्रेषणबाट १४% परिवारको जीविकोपार्जन धानिएको छ।

# खण्ड २ बालमैत्री स्थानीय शासनको वडागत अवधारणा

## २.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता

- उमेर, परिपक्कता, पारिवारिक स्थिति, वातावरण, सक्षमता, अनुभव र उनीहरूले पाएका अवसरहरूको आधारमा बालबालिकाको परिभाषा गर्न सकिन्छ। तर बालबालिका सम्बन्धी ऐन २०७५ को अनुसार "बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ती सम्झनु पर्छ।"
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ अनुसार बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्छ।
- अन्तराष्ट्रिय महासंन्धी १९८९ का अनुसार कानूनले वयस्कताको उमेर कम तोकेको अवस्थामा बाहेक बालबालिका भनेको १८ बर्ष भन्दा कम उमेरका सबै बालक वा बालिका हुन।
- नेपालको बाल श्रम निषेध र नियमन गर्ने ऐन २०५६ ले ए १४ बर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूषमा काममा लगाउनु हुदैन भनी १४ बर्षलाई बालबालिकाको उमरे समूहको रूपमा चित्रण गरेको छ।

यसरी भिन्न भिन्न परिवेशमा भिन्न भिन्न उमेर समूहलाई आधार मानि बालबालकाको परिभाषा गर्न खोजिएको पाईन्छ तर बालमैत्री स्थानीय शासनको सन्दर्भमा बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्दछ।

बालमैत्री स्थानीय शासनको आवश्यकता निम्नानुसार छन्:

- बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उनीहरूको विकासका लागि अनुकूल र बालमैत्री वातावरणको सिर्जना गर्न
- बालबालिका विरुद्ध सबै प्रकारको शोषण, दुर्व्यवहार, जोखिम र भेदभावको अन्त्य र बालबालिकाहरूको जीवनस्तरमा सुधार गर्न
- बालबालिकाले आफ्नोलागि आफै योजना बनाउने परिपाटी स्थापित गर्न
- बालबालिकाहरूमा आत्मबल र विश्वासको विकास भई वयस्क प्रति सम्मानको भावना जागृत पार्न
- बालबालिकाहरू आफ्नो अधिकार प्राप्त गरी कर्त्यव्य प्रति पनि जिममेवारी बोध गर्न
- बाल संजालहरुको विकास, बाल सहभागिताको विकास र गाउँ समाजको नाम राख्न
- बालबालिकाको उज्जवल भविष्य निमणि गर्न
- परिवार र स्थानीय निकायहरुमा बालबालिका प्रति संवेदनशील भई लगानी गर्ने बानीको विकास गर्न
- बालबालिकाका इच्छा, चाहाना, सवाल र समस्या प्रति सरोकारवालाहरुलाई जिम्मेवार बनाउन
- बालबालिकालाई सुरक्षित रूपमा भविष्य निर्माण गर्ने वातावरण बनाउन
- निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता गराई उनीहरूको आवाज सुनुवाई गर्न
- बाल सरोकारका विषयमा बालबालिकाले नेतृत्व लिने अवसर निर्माण गर्न
- आफ्ना सरोकारका विषयमा बालबालिकाले बोल्न पाउनु र उनीहरूले बोलेका कुराहरू निर्णयकर्तालाई बुझाउन सक्ने सकने अवसरको श्रृजना गर्नु
- बालबालिकालाई हेला, श्रमशोषण, दुर्व्यवहार, बेचबिखन जस्ता जोखिमहरूबाट संरक्षण गर्न

- देशको लागि सक्षम नागरिक तयार गर्दै समाजको अग्रगामी विकास गर्न।

## २.२ विद्यमान ऐननियममा बालबालिका सम्बन्धि भएको व्यवस्था

### २.२.१ नेपालको संविधान

नेपालको संविधान, २०७२ को मौलिक हक अन्तर्गत ३९ नं. बुँदामा बालबालिकाको अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। जसमा निम्न कुराहरु उल्लेख गरिएको छः

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुनेछ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुन सुकै स्थान र अवस्थामा शारीरिक, मानस्रिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल नयायको हक हुनेछ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुने छन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृयासंग अनुकुल हुनेगरी गर्नु पर्ने र सबै प्रकृयामा बालालिका लगायतका अन्तर सम्बन्धित विषयलाई समावेश गर्नुपर्ने व्यवस्था समेत यस ऐनले गरेको छ।

### २.२.२ स्थानीय सरकार संचालन ऐन २०७४

बालबालिकाको हक सम्बन्धी संवैधानिक व्यवस्था अनुसार स्थानीय तहलाई जिम्मेवार बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा विभिन्न प्रावधानहरु रहेका छन्। यस ऐनले बाल अधिकार प्रवर्द्धन गर्न ऐनको दफा ११(ज) बमोजिम प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा र अनौपचारिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी सम्बन्धित गाउँ/नगरपालिकाको रहेको छ। शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार, आधारभूत तहको परीक्षा व्यवस्थापन, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा

व्यवस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने कार्य समेत गाउँ/नगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछ। यसैगरी सोही दफाको खण्ड (झ) बमोजिम आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन, आधारभुत स्वास्थ्य सेवाको सञ्चालन र प्रवद्र्धन, स्वस्थ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण, सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन समेत स्थानीय तहको अधिकार क्षेत्रमा रहेको छ।

ऐनको दफा १२ उपदफा २ खण्ड (१) को ग ले बालमैत्री स्थानीय शासन प्रवद्र्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाको वडालाई दिएको छ। बालउद्यानको व्यवस्था, प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन, बालक्लब तथा बालसञ्जालको संचालन र व्यवस्थापन, वडाततहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन, बालबालिकाहरुलाई बि.सि.जि, पोलियो, भिटामिन ए को व्यवस्था, पोषण कार्यक्रमको सञ्चालन, अन्तर विद्यालय तथा बालक्लब मार्फत खेलकुद कार्यक्रमको सञ्चालन, प्रचलित कानून बमोजिम घटना दर्ता सम्बन्धी जनचेतना कार्यहरु समेत वडाको जिम्मेवारीमा रहेका छन्। यस्तै महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने, सडक बालाबलिकाको उद्धार र पुर्नस्थापना गर्ने गराउने, प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिसामुक्त क्षेत्र, वातावरणमैत्री तथा बालमैत्री शासन जस्ता प्रवर्धनात्मक कार्यहरु गर्न, गराउने जिम्मेवारी समेत वडाको हुने प्रावधान रहेको छ।

### २.२.३ बालबालिका सम्बन्धि ऐन २०७५

प्रत्येक बालक जन्मे पछि निजको बाबु भए बाबुले बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृती र चलन अनुसार बालकको नाम राखिदिनु पर्दछ। बालकको बाबु, आमा वा परिवारको अन्य कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखि दिनु पर्ने व्यवस्था ऐनमा उल्लेख छ। साथै बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालनपोषण गर्नुका अतिरिक्त नीजको शिक्षा, स्वास्थ्य उपचार, खेलकुद तथा मनोरन्जनको सुविधाहरूको व्यवस्था गर्नु पर्दछ भनि ऐनमा उल्लेख छ।

### २.२.४ दिगो विकास लक्ष्य

संयुक्त राष्ट्रसंघको पहलमा सन् २०३० सम्म प्राप्त गर्ने गरी तयार गरिएको विश्वव्यापी लक्ष्यहरु नै दिगो विकास लक्ष्यहरु हुन् जसमा १७ वटा मूल लक्ष्य तथा १६९ परिमाणत्मक लक्ष्यहरु तोकिएका छन्। पाँचौ लक्ष्यको लैङ्गिक समानता अन्तर्गत “सबै प्रकारका हानिकारक अभ्यासहरु जस्तै कलिलो उमेरमा गरिने र जबरजस्ति गरिने विवाह र महिलाको योनि छेदन को उन्मूलन” मा बाल विवाहलाई २४.५ प्रतिशत बाट घटाएर ४.१ मा झार्ने लक्ष्य समावेश गरिएको छ।

दिगो विकासका कूल १७ लक्ष्यहरु मध्ये १, २, ३, ४, ५, ६, ९, ११, १६ र १७ गरी १० वटा लक्ष्यहरु बालबालिका र महिला संग सम्बन्धित रहेका छन्। जसमध्ये महत्वपूर्ण लक्ष्यहरुमा लक्ष्य ४: सबैका

लागि समावेशी र गुणस्तीय शिक्षा सुनिश्चित गर्ने, लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र किशोरीहरुको सशक्तीकरण गर्ने र लक्ष्य ६: सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता गर्ने विषयहरु रहेका छन्। सन् २०३० सम्ममा न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना साथ नेपालको दिगो विकास लक्ष्यहरु तयार भई स्वीकृत भइसकेको छ।

### २.२.५ बाल अधिकार सम्बन्धि महासन्धि १९८९

बाल आधिकार महासन्धी १९८९ (नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको) ले बाल अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न गैर विभेदिकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गिन विकास (धारा ६), सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ। यिनै सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता ४ क्षेत्रहरुमा केन्द्रित हुँदै बाल अधिकारलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन आवश्यक छ।

### २.२.६ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ तत्कालिन समयमा स्थानीय निकायलाई बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न दिशा निर्देश गर्ने उद्देश्यले ल्याईएको थियो। यस कार्यविधिले बालमैत्री स्थानीय शासनको प्रवर्द्धनकोलागि संस्थागत संरचनाको व्यवस्था, कार्य जिम्मेवारी, अनुगमन मूल्याङ्कन सम्बन्धि व्यवस्था, कोषको व्यवस्थाका साथै बालमैत्री गाउँ विकास समिति तथा बालमैत्री नगरपालिका घोषणाकालागि पुरा गर्नु पर्ने ३६ वटा सूचकहरुको व्यवस्था गरेको थियो।

### २.२.७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८

बालमैत्री स्थानीय शासन बाल अधिकारका सवाललाई स्थानीय शासन पद्धतिमा मूलप्रवाहीकरण गरी बाल अधिकारका सम्बन्धमा नेपाल सरकारले गरेका प्रतिबद्धताहरूलाई व्यवहारमा ल्याउने प्रणाली हो। नेपाल सरकारले बि. स. २०६८ सालमा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि लागू गरी यस अवधारणालाई ठोस स्वरुप प्रदान गरिसकेको छ। त्यस्तैगरी बि. स. २०७८ मा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका जारी गरिसकेको छ। यस निर्देशिकाले बालबालिकाको अर्थपूर्ण सहभागिताको आधारमा उचित नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था साथसाथै बाल केन्द्रित लगानी तथा विकास योजनाको कार्यन्वयन गरी बालमैत्री घोषणाको परिकल्पना गरेको छ र घोषणा गर्न निश्चित प्रक्रिया समेत तोकेको छ।

### २.२.८ बाल विवाह अन्त्यकालागि राष्ट्रिय रणनीति २०७२

नेपाल सरकारले बाल विवाह अन्त्यकालागि राष्ट्रिय नीति २०६९ र राष्ट्रिय रणनीति २०७२ जारी गरिसकेको छ। सारमा उक्त नीति र रणनीतिले बाल विवाहलाई बालबालिकाको हकअधिकारको प्रचलनकालागि बाधकको रुपमा पहिचान गरेको छ। त्यसकारण बाल विवाह रोक्नकोलागि सरकार र साझेदार संघसंस्थाहरुको सहकार्यमा स्थानीय समुदाय स्तरका संघसंस्थाहरुलाई परिचालन गर्ने, बाल विवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कार्वाही गर्ने व्यवस्थाका साथै बाल विवाह रोक्ने कार्यकालागि स्थानीय तहलाई थप जिम्मेवारी दिईने कुरा उल्लेख गरिएको छ। यसैगरी स्थानीय स्तर

सम्म बालबालिकाको बेचविखन, ओसारपसार र बाल विवाह विरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन र गाँउस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ।

### २.२.९ पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२)

पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२) मा बालअधिकार सुनिश्चित भएको बालमैत्री समाजको सोचमा आधारित रही बालबालिका तथा किशोर किशोरीलाई सबै प्रकारको हिँसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागकिकको रुपमा विकास गर्ने लक्ष्य राखिएको छ। उक्त लक्ष्य प्राप्त गर्न बालबालिका तथा किशोर किशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने, बालबालिका तथा किशोर किशोरीमैत्री वातावरण सृजना गर्ने, बालबालिका तथा किशोर किशोरीविरुद्ध हुने शारीरिक मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने उद्धेश्य राखिएको छ।

बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने, बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकासमा पहुँच, बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरुको जीवनलाई सुरक्षित बनाउने, असहाय, अनाथ, अपाङ्गता भएका, अशक्त तथा बेवारिसे बालबालिका तथा किशोर किशोरलाई राज्यबाट संरक्षण र संवर्द्धन गर्ने, विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सृजना गर्ने, राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने, बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सृजना गर्ने र विद्यमान बालगृहको संस्थागत आवसीय संरक्षणलाई निरुत्साहित तथा निसंस्थाकरण गर्दै अन्तिम विकल्पको रुपमा मात्र संरक्षण गर्ने गरी अन्य बैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने रणनीति पन्ध्रौं योजनामा उल्लेख गरिएको छ।

## २.३ बालमैत्री स्थानीय शासनको पृष्ठभूमि

### २.३.१ बालमैत्री

बालबालिकालाई मित्रवत वा मैत्रिपूर्ण व्यवहार गर्नु नै बालमैत्री हो। अर्थात बालबालिकालाई मन पर्ने, उनीहरुलाई सहज, रमाईला र सुरक्षित लाग्ने तथा बाल अधिकार हनन् नहुने व्यवहार वा वातावरण भन्ने बुझिन्छ जस्तै विद्यालयमा बालबालिका अनुकूल वातावरण हुनु, शिक्षकले बालबालिकालाई साथी जस्तै व्यवहार गर्नु, घरमा अभिभावकले आफ्ना बालबालिकालाई अशल व्यवहार गर्नु आदि। त्यस्तै बालबालिकाको लिङ्ग, जाति, भाषा र धर्म आदिको आधारमा भेदभाव नगर्नु र बालबालिकासंग सम्बन्धित विषयमा बालबालिकाको विचारहरु सुन्नु र कदर गर्ने वातावरणलाई बालमैत्रि भनिन्छ।

### २.३.२ बालमैत्री स्थानीय शासन

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो। नेपालको संविधानमा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, नेपालको पन्ध्रौ योजना (२०७६/७७—२०८०/०८१) लगायत अन्य कानून, नीति तथा

कार्यक्रमहरुले समेत बाल अधिकारको समग्र पक्षलाई सम्वोधन गरेको छ। स्थानीय सरकारको रुपमा रहेका नगरपालिका र गाउँपालिका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेका छन्। यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अन्तरनिहित गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित भए अनुसार बालमैत्री स्थानीय शासन भन्नाले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गिण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बालसहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनु पर्दछ।

कुनै पनि स्थानीय तहले बालबालिकाको आधारभूत अधिकार बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागितालाई स्थानीय तहको नीति, संरचना र प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने गरी शासकीय पद्धतिको विकास गर्छ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका र कार्यान्वयन कार्यविधिहरुमा उल्लेखित सूचक तथा मापदण्ड पूरा गर्नकालागि प्रतिवद्धताका साथ कार्य गर्दछ भने उक्त स्थानीय तह बालमैत्री स्थानीय शासन उन्मुख भएको सम्झनु पर्दछ। निर्देशिका र कार्यविधिहरुमा तोके बमोजिमको बालमैत्री स्थानीय शासनको सूचकहरुमा नतिजा प्राप्त गर्ने स्थानीय तहलाई बालमैत्री स्थानीय तहको रुपमा लिन सकिन्छ।

### २.४ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित बाल बचाउका १४, बाल संरक्षणका १०, बाल विकासका ६, बाल सहभागिताका ६ गरी ३६ सेवा प्रवाह सम्बन्धी सूचकहरु र १५ वटा संस्थागत सूचकहरु गरी जम्मा ५१ वटा सूचकहरुले तोके बमोजिम न्यूनतम उपलब्धी हाँसिल गर्ने कार्यभार बालमैत्री स्थानीय शासन गाँउ र वडा समिति, गाँउपालिका र सरोकारवालहरुको हो।

#### २.४.१ बाल बचाउ

बालबालिकालाई पोषणयुक्त खाना, आवास, लत्ता कपडा, औंषधी, तोकिएको खोपहरु, स्तनपान गर्न पाउने अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, भेदभाव विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार र स्वास्थ्यको अधिकार तथा आराम गर्न पाउने अधिकार, खेदकुद, मनोरञ्जन एवम् सांस्कृतिक अधिकार बालबालिकाको बांच्न पाउने अधिकार अन्तर्गत पर्दछन्।

#### २.४.२ बाल संरक्षण

बाल संरक्षण अन्तर्गत बालबालिकाको नाम र जन्म दर्ता, आफू विरुद्ध हुने सबै प्रकारको हिंसा, दुर्व्यवहार, बेचविखन, ओसारपासर, शोषण र बेवास्ताबाट संरक्षण प्राप्त गर्ने अधिकार, अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्तापित एवम् जोखिममा परेका र सडक बालबालिकालाई सुनिश्चित भविश्यकोलागि स्थानीय तहबाट गरिने विशेष संरक्षण, बालबालिकालाई नीजको बाबु आमा, संरक्षक, शिक्षक वा जोसुकैबाट हुने शारीरिक तथा मानसिक यातना र अमानवीय व्यवहार विरुद्ध संरक्षण जस्ता विषयहरु पर्दछन्।

### २.४.३ बाल विकास

बाल विकास अन्तर्गत बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकास सहितको व्यक्तित्व विकासकालागि शिक्षा, संरक्षकत्व प्राप्त गर्ने जस्ता अधिकारलाई सम्झनु पर्दछ। बालबालिकासंग सम्बन्धित विषयगत क्षेत्रहरु जस्तै सार्वजनिक, भौतिक सुविधाहरु, भवन, विद्यालय, अस्पताल, उद्यान, मनोरञ्जन स्थल, सडकपेटी र जेब्राक्रसिङ आदिको उपयोगमा बालबालिकाको अधिकार सुरक्षित रहने विषयहरु पनि बाल विकासका अधिकार भित्र पर्दछन्। स्थानीय आवश्यकता र सम्भावनाको आधारमा बाल प्रतिभा उजागर हुन् गरी संचालन गरिने विभिन्न अतिरिक्त क्रियाकलापहरु बाल विकासका क्षेत्रभित्र पर्दछन्।

### २.४.४ बाल सहभागिता

बालबालिकाको सरोकारको विषय र उनीहरुको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने नीतिहरुको निर्माण तथा निर्णय प्रकृयामा बालबालिकाको विचार सुनवाई गर्ने र उनीहरुको विचारको कदर गर्ने, सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनको हरेक पक्षमा विना रोकतोक र विना भेदभाव सहभागी हुन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने, कुनै पनि विषयमा जानकारी राख्न र अभिव्यक्त गर्न पाउने, रचनात्मक कार्य गर्न तथा संघसंस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरु बाल सहभागिताका अधिकारहरु हुन। बालबालिकाले आफूलाई विभिन्न स्थानमा सहभागि गराउंदै सिक्ने, अनुभव गर्ने र अनुभूति गर्दै यसलाई व्यवहारिक तरिकाबाट आत्मसाथ गर्दै आफूलाई परिपक्क र सक्षम बनाउदै लैजानु बाल सहभागिता हो।

## २.५ बाल समूह सम्बन्धि विवरण

यस वडाको बाल सहभागि सम्बन्धि विवरण तपशिल अनुसारको रहेको छः

| बाल समूहको प्रकार र लिङ्गको आधारमा बाल सहभागिता | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **बालिका** | **बालक** | **अपाङ्ग बालिका** | **अपाङ्ग बालक** | **जम्मा** |
| १ | विद्यालयमा आधारित बाल समूह | ७० | ७६ | ८ | १७ | १४६ |
| २ | समुदायमा आधारित बाल समूह | १२५ | १४८ | | | २७३ |
| **जम्मा :** | | **१९५** | **२२४** | **८** | **१७** | **४१९** |

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

## २.६ वडा तहको शासकीय संरचनामा बाल सहभागिता

यस वडाको शासकीय संरचनामा बाल सहभागिता विवरण तपशिल अनुसार रहेको छः

| क्र.स. | शासकीय संरचनामा | बालक | बालिका | जम्मा संख्या |
|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन वडा समिति | १ | १ | २ |
| २ | वडा बालअधिकार समिति | १ | १ | २ |
| ३ | विद्यालय व्यवस्थापन समितिहरु (७ विद्यालयमा) | ७६ | ७० | १४६ |
| ४ | स्वास्थ्य व्यवस्थापन समिति | १ | १ | २ |

| | | | | |
|---|---|---|---|---|
| **५** | बालसमूह १८ वटामा | १९५ | २२४ | ४१९ |
| **६** | वडा बाल समूह संजाल | ११ | १४ | २५ |

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

## २.७ बालमैत्री स्थानीय शासन वडा समितिको विवरण

यस वडाको बालमैत्री स्थानीय शासन वडा समितिको विवरण तपशिल अनुसार रहेको छः

| **क्र.स.** | **नाम थर** | **पद** | **प्रतिनिधित्व गरेको निकाय** | **कैफियत** |
|---|---|---|---|---|
| १ | बिष्णु बहादुर दाहाल | अध्यक्ष | ६ नं. वडा अध्यक्ष | ९८५५०६७९१३ |
| २ | सरिता सापकोटा | सदस्य | ६ नं. वडा सदस्य र सम्पर्क व्यक्ति | ९८४५१०५३११ |
| ३ | मुना बिश्वकर्मा | सदस्य | ६ नं. वडा सदस्य | ९८१५२७५५३५ |
| ४ | बिजय पौडेल | सदस्य | ६ नं. वडा सदस्य | ९८५५०८९८६६ |
| ५ | लेखराज ढकाल | सदस्य | ६ नं. वडा सदस्य | ९८५५०४७१०५ |
| ६ | टि.एन ढुंगेल | सदस्य | स्वास्थ्य चौकी प्रमुख | ९८५५०७२५५८ |
| ७ | बासुदेव खतिवडा | सदस्य | टोल विकास संस्था समन्वय समिति अध्यक्ष | ९८४५०२८६६६ |
| ८ | सोभा घिमिरे | सदस्य | महिला संजाल अध्यक्ष | ९८४५३०३९४६ |
| ९ | भरत सापकोटा | सदस्य | निजि बिधालय संचालक अध्यक्ष | ९८५५०६८२९० |
| **१०** | कुमार तिमल्सिना | सदस्य | बिध्यालय व्यवस्थापन समितिका अध्यक्ष | ९७४४२३७६५७ |
| **११** | रमेश प्रसाद लामीछाने | सदस्य | बंशगोपाल मा.बि. प्रधानाध्यापक | ९८४५०२९४४४ |
| **१२** | कल्पना घिमिरे पराजुली | सदस्य | महिला स्वास्थ्य स्वयम् सेविका | ९८४५२८७९९३ |
| **१३** | प्रेसमा राई | सदस्य | वडा बाल संजाल बालिका | ९८१५२७५६७५ |
| **१४** | सन्दिप चौलागाई | सदस्य | वडा बाल संजाल बालक | ९८४५०९५५०५ |
| **१५** | अमोद प्रसाद मैनाली | सदस्य सचिब | वडा सचिव | ९८५५०२८३८४ |

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

## २.८ बाल भेला र बालबालिकाकोलागि बजेट विनियोजनको विवरण

बालमैत्री स्थानीय शासनको सूचकहरुमा बालभेला र बजेट विनियोजनको सूचक पनि समावेश रहेको छ जस अनुसार स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाँउ/नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ भन्ने रहेको छ जस्को कार्यान्वयन सत प्रतिशत हुनु पर्दछ।


यसै सन्दर्भमा यस हेटौँडा उपमहानगरपालिकाले अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्नकोलागि आर्थिक बर्ष २०८०/०८१ को योजना तर्जुमाको चरणमा नगर स्तरको बाल भेलाको आयोजना गरेको छ।

# खण्ड ३ जनसंख्या

## ३.१ बालबालिका उपश्थित घरपरिवार र घरमुली संख्या

हेटौँडा उपमहानगरपालिका वडा नम्बर ६ मा बालबालिकाको उपश्थित रहेको कूल घरधुरी १,५६४ मध्ये महिला घरमुली १७.८ प्रतिशत र पुरुष घरमुली ८२.१ प्रतिशत रहेको छ। साथै ०.१ प्रतिशत बाट उत्तर आएको छैन।

यस वडाको जम्मा जनसंख्या ७,७१४ र महिला ३,८०९ र पुरुष ३,९०५ रहेको छ। उक्त जनसंख्याको प्रतिशत निम्नानुसार रहेको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

वडामा महिलाको जनसंख्या ४९.४ प्रतिशत र पुरुषको ५०.६ प्रतिशत रहेको छ।

## ३.२ लिङ्ग, उमेर समूह तथा जातिगत आधारमा जनसंख्या

उमेर समूहको आधारमा ३१-४० उमेर समूहको सबैभन्दा बढि जनसंख्या (१,४९८) रहेको छ भने दोस्रोमा १९-२५ उमेर समूह रहेको छ (९७३)। उमेर समूह अनुसार यस वडाको जनसंख्या विवरण (संख्या र प्रतिशत) निम्न रहेको छः

| क्र.सं. | उमेर समूह | महिला (%) | पुरुष (%) | महिला जनसंख्या | पुरुष जनसंख्या | वडाको संख्या |
|---|---|---|---|---|---|---|
| १ | जन्मे देखि १ वर्ष सम्म | १.४१% | १.६१% | १०९ | १२४ | २३३ |
| २ | १ देखि २ वर्ष | ०.६२% | ०.८०% | ४८ | ६२ | ११० |
| ३ | ३ देखि ५ वर्ष | १.८७% | २.४०% | १४४ | १८५ | ३२९ |
| ४ | ६ देखि १० वर्ष | ३.२७% | ४.०२% | २५२ | ३१० | ५६२ |
| ५ | ११ देखि १८ वर्ष | ५.३५% | ५.८७% | ४१३ | ४५३ | ८६६ |
| ६ | १९ देखि २५ वर्ष | ६.७०% | ५.९१% | ५१७ | ४५६ | ९७३ |
| ७ | २६ देखि ३० वर्ष | ६.०९% | ५.२०% | ४७० | ४०१ | ८७१ |
| ८ | ३१ देखि ४० वर्ष | ९.३६% | १०.०६% | ७२२ | ७७६ | १४९८ |
| ९ | ४१ देखि ५० वर्ष | ५.३९% | ५.९७% | ४१६ | ४६१ | ८७७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | ५१ देखि ६० वर्ष | ४.३५% | ४.१३% | ३३६ | ३१९ | ६५५ |
| ११ | ६१ देखि ७० वर्ष | २.८१% | २.८६% | २१७ | २२१ | ४३८ |
| १२ | ७१ देखि ८० वर्ष | १.५६% | १.२७% | १२० | ९८ | २१८ |
| १३ | ८१ देखि ९० वर्ष | ०.५२% | ०.४३% | ४० | ३३ | ७३ |
| १४ | ९१ देखि १०० वर्ष | ०.०६% | ०.०८% | ५ | ६ | ११ |
| १५ | १०० वर्ष भन्दा माथिका | ०.०३% | ०.००% | २ | ० | २ |
| **जम्मा :** | | **४९.३९%** | **५०.६१%** | **३,८११** | **३,९०५** | **७,७१६** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा १०० वर्ष माथिको उमेर पुगेको व्यक्ति २ जना महिला रहेको छ अर्थात यो समूह सबैभन्दा कम जनसंख्या भएको उमेर समूह हो भने ९१ देखि १०० वर्ष समूहमा ११ जना मात्र छन् जस्मा महिला ५ जना छन्। यस वडामा लैंङ्गिक तथा अल्पसंख्यकको उपश्थिति भएको पाईएन।

घरपरिवारको जातिगत विवरण हेर्दा यस वडामा सबैभन्दा धैरै जनसंख्या ब्राहमण/क्षेत्री जातिको परिवारको ९६० (६१.४%) बसोवास रहेको छ। दोस्रोमा जनजातिको परिवार ५३३ (३४.१%) को बसोवास रहेको छ। अन्य जातिका परिवार विवरण सहित विस्तृत तलको तालिकामा उल्लेख गरिएको छः

| क्रस | जात/जातिका परिवार | परिवार प्रतिशत | परिवार संख्या |
|---|---|---|---|
| १ | ब्राहमण/क्षेत्री | ६१.४% | ९६० |
| २ | जनजाति | ३४.१% | ५३३ |
| ३ | दलित | ३.२% | ५० |
| ४ | मधेसी | १.३% | २० |
| ५ | उत्तर नआएको | ०.३% | १ |
| | | जम्मा: | २४५२ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.३ बालबालिकाको जनसंख्या

यस वडाको कूल बालबालिकाको संख्या २,१०० मध्ये ९६६ बालिका र १,१३४ बालक रहेको छन्। उक्त जनसंख्याको आधारमा ४६ प्रतिशत बालिका र ५४ प्रतिशत बालकको जनसंख्या रहेको छ। तुलनात्मक रुपमा बालकको संख्या बालिकाको भन्दा बढि छ। उमेरगत बालबालिकाको जनसंख्या सम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | उमेर समूह | महिला (%) | पुरुष (%) | बालिका संख्या | बालक संख्या | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| १ | जन्मे देखि १ वर्ष सम्म | १.४१% | १.६१% | १०९ | १२४ | २३३ |
| २ | १ देखि २ वर्ष | ०.६२% | ०.८०% | ४८ | ६२ | ११० |
| ३ | ३ देखि ५ वर्ष | १.८७% | २.४०% | १४४ | १८५ | ३२९ |
| ४ | ६ देखि १० वर्ष | ३.२७% | ४.०२% | २५२ | ३१० | ५६२ |
| ५ | ११ देखि १८ वर्ष | ५.३५% | ५.८७% | ४१३ | ४५३ | ८६६ |

| | | | | | |
|---|---|---|---|---|---|
| **जम्मा :** | | | **९६६** | **१,१३४** | **३,२७४** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडाको कूल महिला पुरुष जनसंख्याको आधारमा १२.५२ प्रतिशत बालिका र १४.७० प्रतिशत बालकको जनसंख्या रहेको छ। बालकको जनसंख्या बालिकाको तुलनामा धैरै रहेको छ।

## ३.४ भाषाका आधारमा जनसंख्या

भाषाको आधारमा हेर्दा यस वडामा सबैभन्दा धैरै जनसंख्या नेपाली १३८३ (८८.४%) भाषा बोल्दछन् त्यसपछि नेवारी ६८ (४.३%) र तमाङ ६४ (४.१%) भाषी रहेका छन्। भाषाको आधारमा जनसंख्या तलको तालिकामा उल्लेख गरिएको छः

| SN | भाषाहरु | भाषा प्रतिशत | भाषा संख्या |
|---|---|---|---|
| 1 | नेपाली | ८८.४% | १३८३ |
| 2 | तमाङ | ४.१% | ६४ |
| 3 | चेपांग | ०.१% | १ |
| 4 | गुरुङ | १.०% | १५ |
| 5 | मगर | १.०% | १५ |
| 6 | नेवारी | ४.३% | ६८ |
| 7 | भोजपुरी | ०.७% | ११ |
| 8 | मैथली | ०.३% | ४ |
| 9 | हिन्दी | ०.०% | ० |
| 10 | शेर्पा | ०.०% | ० |
| 11 | राई | ०.०% | ० |
| 12 | लिम्बु | ०.१% | १ |
| 13 | मुस्लिम | ०.०% | ० |
| 14 | बजिका | ०.१% | १ |
| 15 | उत्तर नआएको | ०.१% | १ |
| | | १००% | १५६४ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

## ३.५ जन्मदर्ता सम्बन्धि विवरण

५ वर्ष मुनिका जम्मा बालबालिकाको संख्या ६७२ रहेको छ। ५ वर्ष मुनिका बालबालिकाहरु मध्ये ८६.० प्रतिशतको जन्मदर्ता भएको देखिन्छ भने जन्मदर्ता नभएको बालबालिकाहरुको प्रतिशत १४.० रहेको छ। जन्मदर्ता सम्बन्धि थप विवरण तल तालिकामा प्रस्तुत गरिएको छः

| ५ वर्ष मुनिका बालबालिकाको | बालिका (%) | बालक (%) | जम्मा (%) | बालिका संख्या | बालक संख्या | जम्मा |
|---|---|---|---|---|---|---|
| जन्म दर्ता गरेको | ८४.१% | ८७.६% | ८६.0% | २५३ | ३२५ | ५७८ |
| जन्म दर्ता नगरेको | १५.९% | १२.४% | १४.0% | ४८ | ४६ | ९४ |
| **जम्मा** | १००.0% | १००.0% | १००.0% | ३०१ | ३७१ | ६७२ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडाका जन्म दर्ता भएका ५ वर्ष मुनिका बालबालिकाहरुको प्रतिशत हेर्दा बालिकाको तुलनामा बालकको जन्मदर्ता धैरै भएको देखिन्छ।

## ३.६ बाल विवाहको अवस्था

### ३.६.१ विवाह सम्बन्धि विवरण

यस वडामा विगत ३ वर्ष भित्र विवाह भएको संख्या २३१ रहेको छ जस्मा महिला ८६ र पुरुष १४५ जना रहेका छन्। विवाह सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | विवाहिताको लिङ्ग | प्रतिशत | संख्या |
|---|---|---|---|
| १ | महिला | ३७% | ८६ |
| २ | पुरुष | ६३% | १४५ |
| | **जम्मा:** | १००% | २३१ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.६.२ उमेरगत विवाह सम्बन्धि विवरण

२३१ जनाको विवाह गर्दाको उमेरलाई विश्लेषण गर्दा २१-२५ वर्ष उमेर समूहका ११० जना (६३ महिला र ४७ पुरुष) को विवाह भएको छ जुन सबैभन्दा धैरै विवाह भएको उमेर समूह हो। १६-१८ वर्षका ३ जना (२ महिला र १ पुरुष) को विवाह भएको छ भने १९- २० वर्षका पनि ७ जना (३ महिला र ४ पुरुष) को विवाह भएको छ। ३६-४० वर्ष उमेर समूहका २ जना (एक एक मिहला र पुरुष)को विवाह भएको देखिन्छ। ११-१५ वर्ष उमेर समूह विवाह गर्ने सबैभन्दा सानो उमेर समूह रहेको देखिन्छ जस्मा १ जना बालकको विवाह भएको देखिन्छ। विवाह सम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | लिङ्ग | बिगत ३ वर्ष भित्र यस परिवारमा बिवाहिताको उमेर | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ११देखि १५ वर्ष | १६ देखि १८ वर्ष | १९ देखि २० वर्ष | २१ देखि २५ वर्ष | २६ देखि ३० वर्ष | ३१ देखि ३५ वर्ष | ३६ देखि ४० वर्ष | |
| १ | महिला | ० | २ | ३ | ६३ | १३ | ४ | १ | ८६ |
| २ | पुरुष | १ | १ | ४ | ४७ | ७५ | १६ | १ | १४५ |
| | **जम्मा** | **१** | **३** | **७** | **११०** | **८८** | **२०** | **२** | **२३१** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.६.३ बाल विवाह सम्बन्धि विवरण

माथिको उमेरगत विवाह विवरणलाई अध्ययन गर्दा २० वर्ष भन्दा मुनिका विवाहको संख्या ११ रहेको छ। ११-१५ वर्षका १ जना बालक, १६-१८ वर्षका २ बालिका र १ बालक तथा १९-२० वर्षका ३ बालिका र ४ बालकहरुले उमेर नपुगि विवाह गरेको देखिन्छ। अर्थात यस वडामा विगत ३ वर्षमा उमेर नपुगी र बाल विवाह भएको देखिन्छ। २० वर्ष भन्दा कम उमेरमा भएको विवाहमा बालक भन्दा बालिकाको संख्या बढि पाईएको छ।

## ३.७ प्रति परिवार औषत बालबालिका संख्या

यस वडामा १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या ३,२७४ रहेको छ। वडाको कूल जनसंख्याको २६.६७ प्रतिशत बालबालिका छन्। जस्मा बालिका १,५८३ (४८.३५%) र बालक १,६९१ (५१.६५%) रहेका

छन्। अर्थात बालिकाको तुलनामा बालकको संख्या बढि रहेको छ। यस वडाको प्रति परिवार औषत बालबालिका संख्या १.३४ रहेको छ।

### ३.८ अपाङ्गता भएका बालबालिका सम्बन्धि विवरण

यस वडामा ७ बालिका सहित जम्मा १४ जना अपाङ्गता भएका बालबालिका रहेका छन्। ती बालबालिका मध्ये धैरैजसो ( २५ प्रतिशत) शारीरिक र स्वर/बोलाई सम्बन्धि अपाङ्गता रहेको पाईयो। मानसिक बौद्धिक र सुस्त श्रवन तथा बहिराहरु १७.९ प्रतिशत रहेका छन्। दृष्टि/न्यून दृष्टि विहिन ७.१% रहेका छन्। ती मध्ये बहु-अपाङ्गता २ जनामा भेटिएको छ।


# खण्ड ४ बाल तथा मातृ स्वास्थ्य

## ४.१ सुरक्षित मातृत्व कार्यक्रम

सुरक्षित मातृत्व कार्यक्रम अन्तरगत गर्भवति महिला तथा नवजात शिशुको स्वास्थ्यसंग सम्बन्धित कार्यक्रमहरु जस्तै गर्भवति महिलाहरुले नियमित गर्भ जाँच गर्ने, पोषण तथा आइरन चक्किको सेवन र सुरक्षित सुत्केरी जस्ता कार्यक्रमहरु आमासंग सम्बन्धित छन् भने नवजात शिशुको खोप, पोषण तथा नियमित तौल जस्ता कार्यक्रमहरु पर्दछन्। यस वडामा उक्त कार्यक्रमहरु वडामा रहेको हेटौंडा स्वास्थ्य चौकी चौघडाबाट हुदैं आएको छ। यस वडामा संचालन भएको सुत्केरी प्रोत्साहन कार्यक्रमले समुदायमा सुरक्षित मातृत्वकोलागि सहयोग पुगेको छ।

## ४.२ खोप लगाउने बालबालिका सम्बन्धी विवरण

यस वडामा बालबालिका भएको जम्मा घरपरिवार १,५६४ रहेकोमा बाल रोग तथा खोपको बारेमा जानकारी भएको घरपरिवार १,४८५ रहेका छन् अर्थात जम्मा घरपरिवारको ९५.०१ प्रतिशत घरपरिवारलाई बाल रोग तथा खोपको बारेमा जानकारी भएको पाईयो भने ७८ (४.९९ प्रतिशत) घरपरिवारलाई उक्त जानकारी नभएको पाईयो। उक्त जानकारीको प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

एक वर्ष मुनिका बालबालिकाको संख्या ११४ (४९ बालिका र ६५ बालक) जना छन्। विभिन्न प्रकारका खोपहरु र खोप लगाएका बालबालिकाहरुको विवरण निम्नानुसार छन्:

| बालक/बालिका | बि.सि.जी. (BCG) | डी.पी.टि. (DPT)/हेप. बि. हिव.-१ | डी.पी.टि. (DPT)/हेप. बि. हिव.-२ | डी.पी.टि. (DPT)/हेप.बि. हिव.-३ | दादुरा/रुबेला |
|---|---|---|---|---|---|
| बालिका | 48 | 43 | 41 | 36 | 12 |
| बालक | 64 | 59 | 56 | 48 | 11 |
| **जम्मा:** | 112 | 102 | 97 | 84 | 23 |
| **जम्मा:** | **98%** | **89%** | **85%** | **74%** | **20%** |

बि.सि.जी. खोप लगाउने बालबालिकाहरु ११२ जना अर्थात कूल एक वर्ष मुनिका बालबालिकाको ९८ प्रतिशत रहेका छन् भने डी.पी.टि. (DPT)/हेप.बि. हिव.-१ खोप लगाउने बालबालिकाहरु १०२ अर्थात ८९.०० प्रतिशत रहेका छन्। अन्य खोपको अवस्था तल उल्लेख गरिएको छः

| बालक/बालिका | हेपटाईटिस वी | पी.सी.भी. | रोटा | पोलियो | एफ.आइ.पी.भी. | दादुरा/रुबेला -२ | जे.इ. |
|---|---|---|---|---|---|---|---|
| बालिका | 36 | 34 | 32 | 28 | 29 | 4 | 0 |
| बालक | 46 | 48 | 45 | 41 | 41 | 6 | 2 |
| **जम्मा:** | 82 | 82 | 77 | 69 | 70 | 10 | 2 |
| **जम्माः** | **72%** | **72%** | **68%** | **61%** | **61%** | **9%** | **2%** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

## ४.३ बालबालिकामा पोषणको स्थिति

बालबालकाको पोषणको अवस्था सुधारको लागि यस वडामा नियमित रुपमा सुत्केरी आमाहरुकोलागि पोषण भत्ता उपलब्ध गराउनुका साथै आवश्यक सचेतनामुलक कार्यक्रमहरु निरन्तर भइरहेका छन्। बालबालिकाको पोषणको स्थिति अन्तरगत यहाँ बालबालिकाको स्तनपान र कुपोषणको बारेमा तल विश्लेषण गरिएको छ।

### ४.३.१ स्तनपात सम्बन्धी विवरण

यस वडाका १ वर्ष मुनिका शिशुको संख्या २३३ रहेको छ भने ६ महिना सम्म आमाको दुध मात्रै खुवाईएका शिशु २०४ (८७.५५ प्रतिशत) रहेको छ। शिशुहरुले स्तनपान गर्न पाएको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः

| १ वर्ष सम्मका शिशुको संख्या | ६ महिना सम्म शिशुलाई पूर्ण स्तनपान गराइएका | | ६ महिना सम्म शिशुलाई स्तनपान नगराइएका (आमाको दुध सहित थप खाना खुवाएको) |
|---|---|---|---|
| **शिशुको संख्या** | **शिशुको संख्या** | **प्रतिशत** | **शिशुको संख्या** |
| २३३ | २०४ | ८७.५५ | ० |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.३.२ कुपोषणबाट प्रभावित बालबालिका सम्बन्धी विवरण

| ५ वर्ष मुनिका जम्मा बालबालिकाका संख्या | कम तौल, पुड्को र ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाको संख्या | अति कडा कुपोषण भएको बालबालिकाका संख्या | पोषण सुधारका लागि आवश्यक उपचार गराइरहेका बालबालिका संख्या |
|---|---|---|---|
| ६७२ | ० | ० | ० |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

कुपोषणबाट प्रभावित बालबालिका भएको पाईएन।

## ४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु

यस वडामा देखा पर्ने गरेको मुख्य रोगहरुमा (रोग लागेको आधारमा मुख्य भनिएको हो) हैजा/झाडावान्ता, टाईफाइड र जन्डिस रहेका छन्।

यस वडामा जम्मा २० जना बालबालिकाहरुलाई दिर्घ रोग लागेको पाईएको छ। उनीहरुलाई लागेको दिर्घ रोगको विवरण संख्या सहित तलको तालिकामा प्रतिशतमा प्रस्तुत गरिएको छः


| क्र.सं. | बालबालिकालाई लागेको दिर्घ रोगहरु | प्रतिशत | संख्या |
|---|---|---|---|
| १ | एचआईभी/एड्स | ०% | ० |
| २ | क्यान्सर | ०% | ० |
| ३ | मधुमेय/चिनीरोग | ५% | १ |
| ४ | मुटु रोग | १५% | ३ |
| ५ | मृगौला सम्बन्धि रोग | ५% | १ |
| ६ | फोक्सो | ६०% | १२ |
| ७ | छारे | ५% | १ |
| ८ | ब्रेन ट्यूमर | ५% | १ |
| ९ | अटिज्म | ५% | १ |
| | **जम्मा:** | **१००%** | **२०** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

ती रोग लागेका बालबालिकाहरु मध्ये ३ जनाको मृत्य भएको पाईएको छ र सबैजनाको मुटु रोगबाट मृत्यु भएको छ। तर ५ वर्ष मुनिको बालबालिकाको मृत्यु भएको पाईएन।

## ४.५ मुख्य उपचार केन्द्र, लाग्ने समय र सामर्थ्य

यस वडाका घरपरिवारहरुको प्राथमिकताको आधारमा उपचार गराउने केन्द्रहरुमा अस्पताल (निजी/सरकारी) पहिलो स्थानमा रहेको छ। उपचारको लागि १२६२ (८०.७४ प्रतिशत) घरपरिवार अस्पतालमा जाने गर्नुहुन्छ र २७३ (१७.४७ प्रतिशत) घरपरिवार क्लिनिक (नीजि) मा जाने गर्नुहुन्छ। त्यस्तैगरी स्थानीय स्वास्थ्य संस्था/चौकीमा जाने घरपरिवारको संख्या २६ (१.६६ प्रतिशत) र लामा/धामी/झाँक्रीमा जाने घरपरिवारको संख्या २ (०.१३ प्रतिशत) रहेको छ। अन्य उपचारका केन्द्र र उपचार गराउने घरपरिवारको विवरण तल प्रस्तुत गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

घर देखी उपचार केन्द्र सम्मको दुरीलाई विश्लेषण गर्दा ०.१३ प्रतिशत घरपरिवारलाई १५ देखी ३० मिनेट सम्ममा केन्द्र पुग्न सकिने रहेछ भने ९९.८७ प्रतिशत घरपरिवारलाई १५ मिनेट भन्दा कम समय लाग्ने रहेछ।

बालबालिका विरामी हुँदा तुरुन्त उपचरा गर्न सक्ने सामर्थ्य अर्थात आर्थिक अवस्था विश्लेषण गर्दा ६८.०७ प्रतिशत परिवारको अवस्था राम्रो भएको र ३१.९३ प्रतिशत परिवारको अवस्था राम्रो नभएको पाईएको छ।

## ४.६ प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण

प्रसुति पूर्व र प्रसुति पश्चात गरी दुई भागमा विभाजन गर्भवती महिला, गर्भ र आमा र नवजात शिशुको स्वास्थ्य जाँचको बारेमा यहाँ विश्लेषण गरिएको छ। प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण निम्नानुसार विश्लेषण सहित उल्लेख गरिएको छ।

### ४.६.१ प्रसुति पूर्व गर्भवति महिलाहरुको स्वास्थ्य परिक्षण विवरण


विगत १ वर्षमा यस वडाका जम्मा १४५ महिला गर्भवती भएका थिए र ती मध्ये ४ पटक भन्दा बढी गर्भ जाँच गराउने महिलाहरु पनि भएको पाईयो। ४ पटक सम्म गर्भ जाँच गराउने परिवारको संख्या १३२ रहेको पाईयो। एक पटक मात्रै गर्भ जाँच गराउने परिवारको संख्या ७ रहेको पाईयो। त्यस्तैगरी ३ र २ पटक सम्म गर्भ जाँच गराउने महिला संख्या क्रमशः २ र ४ रहेको पाईयो। आफ्नो गर्भको अवस्था जाँच गराउने सम्बन्धि विवरण प्रतिशतमा तल प्रस्तुत गरिएको छः

| गर्भजांचको अवस्था | प्रतिशत | संख्या |
|---|---|---|
| ४ पटक सम्म जाँच गर्ने | ९१.०३% | १३२ |
| ३ पटक सम्म जाँच गर्ने | १.३८% | २ |
| २ पटक सम्म जाँच गर्ने | २.७६% | ४ |
| १ पटक मात्रै जाँच गर्ने | ४.८३% | ७ |
| गर्भवती जाँच नगर्ने | ०.००% | ० |
| **जम्माः** | १००.००% | १४५ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.६.२ प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण

प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने सम्बन्धि विवरणलाई हेर्दा गत १ वर्ष भित्र गर्भवति भएका १४५ गर्भवतीहरु मध्ये जम्मा ११३ जना गर्भवतिहरुले मात्र यसै वर्ष सुत्केरी भएको जानकारी गराएका छन्। प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण तल उल्लेख गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.७ टिडी खोप सम्बन्धी विवरण

गर्भवति महिलाहरुले टिडी खोप लगाउनु पर्ने हुन्छ र यस वडाका कूल गर्भवति महिलाहरुले खोप लगाएको सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | टिडी खोपको पटक | खोप लगाउने गर्भवती महिलाको प्रतिशत | खोप लगाउने गर्भवती महिलाको संख्या |
|---|---|---|---|
| १ | २ पटक सम्म लगाउने | ९२.४% | १३४ |
| २ | १ पटक मात्र लगाउने | ६.२% | ९ |
| ३ | खोप नलगाउने | १.४% | २ |
| | **जम्मा:** | १००.०% | १४५ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जम्मा १४५ गर्भवति महिलाहरु मध्ये सबैभन्दा धेरै २ पटक (९२.४ प्रतिशत) सम्म मात्र खोप लगाएको पाईयो भने खोप नलगाउने गर्भवति महिलाहरु २ जना (१.४५ प्रतिशत) भएको पाईयो।

### ४.८ आइरन चक्की सेवन सम्बन्धी विवरण

नियमित रुपमा २५० चक्की सम्म प्रयोग गर्ने गर्भवतीहरुको संख्या १२२ र ५० सम्म प्रयोग गर्ने गर्भवतीहरुको संख्या ३ रहेको पाईयो। त्यस्तैगरी आइरन चक्की प्रयोग नगर्ने गर्भवतीहरुको संख्या १० रहेको पाईयो। आइरन चक्की प्रयोग नगर्ने देखी २५० चक्की सम्म प्रयोग गर्ने गर्भवतीहरुको विस्तृत विवरण प्रतिशतमा तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | आइरन चक्की विवरण | आइरन चक्की प्रयोग गर्ने गर्भवति महिलाको | |
|---|---|---|---|
| | | प्रतिशत | संख्या |
| १ | २५० चक्की सम्म प्रयोग गर्ने | ८४.१% | १२२ |

| | | | |
|---|---|---|---|
| २ | २०० चक्की सम्म प्रयोग गर्ने | ०.०% | ० |
| ३ | १५० चक्की सम्म प्रयोग गर्ने | ०.०% | ० |
| ४ | १०० चक्की सम्म प्रयोग गर्ने | ६.९% | १० |
| ५ | ५० चक्की सम्म प्रयोग गर्ने | २.१% | ३ |
| ६ | आइरन चक्की सम्म प्रयोग नगर्ने | ६.९% | १० |
| | **जम्मा:** | १००.०% | १४५ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

नियमित रुपमा पूरा २२५ चक्की सम्म प्रयोग गर्ने ८४.१ प्रतिशत गर्भवती रहेका छन्।

## ४.९ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण

गत १ वर्ष भित्र गर्भवति भएका १४५ जना गर्भवतीहरुको सुत्केरी भएको अवस्थालाई हेर्दा ११३ जना महिलाहरुले मात्र यसै वर्ष सुत्केरी गराएका थिए। उनीहरुको सुत्केरी विवरण र स्थान प्रतिशतमा तल प्रस्तुत गरिएको छः


| क्र.सं. | सुत्केरी भएको स्थान | सुत्केरी भएको (प्रतिशतमा) | सुत्केरी भएको संख्या |
|---|---|---|---|
| १ | स्वास्थ्य संस्थामा | १००% | ११३ |
| २ | घरमा स्वास्थ्यकर्मीको सहयोगमा | ०% | ० |
| ३ | घरमा स्वास्थ्यकर्मीको सहयोग बिना | ०% | ० |
| | **जम्मा:** | १००.००% | ११३ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

सुत्केरी गराईएको स्थानलाई हेर्दा स्वास्थ्य संस्थामा सतप्रतिशत सुत्केरी गराईएको पाईयो।

## ४.१० नियमित रुपमा तौल लिएको बालबालिका सम्बन्धि विवरण

२ वर्षसम्मको बालबालिकाको मासिक र २ देखि ५ वर्ष सम्मकाको त्रैमासिक रुपमा तौल लिने गरिएको अवस्थाको बारेमा जानकारी लिदां ९३.७१ प्रतिशत नियमित तौल लिने गरिएको छ भने ६.२९ प्रतिशत बालबालिकाको नियमित तौल लिने नगरिएको पाईएको छ।




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.११ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धि विवरण

यस वडाका ५ वर्ष मुनिका बालबालिकाहरुलाई २ पटक भिटामिन 'ए' र जुकाको औषधि सेवन गराएको अवस्थाको विश्लेषण गर्दा ५ वर्ष मुनिका कुल बालबालिका १२३४ रहेको र ८४.६ प्रतिशतले भिटामिन 'ए' र ८०.५ प्रतिशतले जुकाको औषधि खुवाएको पाईएको छ। तल उल्लेखित तालिकाले विस्तृतमा उक्त विश्लेषण प्रस्तुत गरेको छः

| भिटामिन 'ए' र जुकाको औषधि खुवाएको/नखुवाएको अवस्था | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लिङ्ग | भिटामिन 'ए' खुवाएको | | भिटामिन 'ए' नखुवाएको | | जुकाको औषधि खुवाएको | | जुकाको औषधि नखुवाएको | | जम्मा |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | |
| बालिका | ८४.३% | ४६६ | १५.७% | ८७ | ७८.५% | ४३४ | २१.५% | ११९ | ५५३ |
| बालक | ८४.८% | ५७७ | १५.२% | १०४ | ८२.२% | ५६० | १७.८% | १२१ | ६८१ |
| **जम्मा** | **८४.६%** | **१०४३** | **१५.४%** | **१९१** | **८०.५%** | **९९४** | **१९.५%** | **२४०** | **१२३४** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

८७ जना बालिका र १०४ जना बालकलाई भिटामिन 'ए' खुवाएको पाईएन र ११९ जना बालिका र १२१ जना बालकलाई जुकाको औषधि खुवाएको पाईएन।

### ४.१२ एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका

यस वडाका परिवारमा एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका छैनन्।

### ४.१३ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धि विवरण

यस वडाका ९९.८१% घरपरिवारहरुले आयोडिनयुक्त नुनको प्रयोग गर्दछन् भने ०.१९% ले प्रयोग गर्दैनन्।

### ४.१४ शौचालय तथा सरसफाई सम्बन्धी अवस्था

कूल १,५६३ परिवार मध्ये ९४१ परिवार अर्थात ६०.२०% ले पक्कि (वाटर सिल्ड) शौचालय प्रयोग गर्दछन् भने ६०८ परिवार अर्थात ३८.९०% ले वायो ग्याँस जडान भएको शौचालय प्रयोग गर्दछन्। यस वडामा प्रयोग भईरहेको शौचालयको प्रकार, प्रयोगकर्ताको संख्या र प्रतिशत तलको तालिकामा उल्लेख गरिएको छः


| घरपरिवारमा शौचालयको अवस्था | | | |
|---|---|---|---|
| क्र. सं. | शौचालयको प्रकार | घरपरिवार (प्रतिशतमा) | घरपरिवार संख्या |
| १ | कच्ची शौचालय | ०.४५% | ७ |
| २ | पक्कि (वाटरसिल्ड) | ६०.२०% | ९४१ |
| ३ | वायो ग्याँस जडान भएको | ३८.९०% | ६०८ |
| ४ | ढलमा जडान भएको | ०.००% | ० |
| ५ | शौचालय नभएको | ०.४५% | ७ |
| | **जम्मा:** | **१००.००%** | **१५६३** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

कच्ची शौचालय र शौचालय नभएको परिवारको संख्या बराबर (७ परिवार, ०.४५%) रहेको पाईयो। वायो ग्याँस र पक्कि शौचालय कूल मिलायर ९९.१ प्रतिशत परिवारमा शौचालय पुगेको देखिन्छ।

घरपरिवारमा सरसफाईको अवस्थालाई विश्लेषण गर्दा यस वडाका सबै परिवारले हातधुने व्यवस्था भएको र सधै धुने गरेको पाईएको छ।

हातधुने व्यवस्था भएको र सधै धुने गर्ने भए पनि त्यसको व्यवहारिक प्रयोग कस्तो छ भन्नेबारे विश्लेषण गर्दा निम्नानुसारको अवस्था देखिएको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

विभिन्न अवस्थामा हात धुने फरक फरक व्यवहारहरु प्रचलनमा छन् र यहाँ परिवारहरुले एक भन्दा बढी व्यवहारिक प्रयोग गर्ने गरेका छन्। खाना खानु अघि हात धुने ०.४५ प्रतिशत, खाना खाए पछि हात धुने ०.१३ प्रतिशत, खाना अघि र पछि हात धुने ०.१३ प्रतिशत, शौचालय गरे-गराए पछि हात धुने ०.१३ प्रतिशत र फोहर वस्तु छोए पछी हात धुने ०.१३ प्रतिशत परिवारहरु रहेका छन्। सबै अवस्थाहरुमा हात धुने घरपरिवारहरु ९९.०५ प्रतिशत रहेका छन्।

हात धुदा के प्रयोग गर्नुहुन्छ भनेर हेर्दा प्रायः जसो घरपरिवारले (९९.८७%) साबुन पानीको प्रयोग गर्ने र २ घरपरिवारले (०.१३%) ले कुनै पनि साधन प्रयोग नगर्ने गरेको पाईयो।

### ४.१५ खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण

यस वडाका कूल घरपरिवारहरु मध्ये ८९.२६% ले पाइप-धारा (घरमै भएको) प्रयोग गर्दछन् भने १०.७४% परिवारले घरमा नभएको खानेपानीको श्रोत प्रयोग गर्दछन्। यस वडाका घरपरिवारले प्रयोग गरिरहेका खानेपानीको स्रोत तल प्रतिशतमा उल्लेख गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिका अनुसार ०.५१% परिवारले ट्युबवेल प्रयोग गर्दछन् भने ९.४ परिवारले इनार, कुवा वा जरुवाको पानी प्रयोग गर्दछन्। ०.५१% परिवारले नदि/कुलो/नहर/पोखरीको पानी प्रयोग गर्दछन्। परिवारले प्रयोग गरिरहेका खानेपानीको स्रोतको संख्यात्मक विवरण तल उल्लेख गरिएको छः

| घरपरिवारले प्रयोग गर्ने खानेपानीको स्रोत | | |
|---|---|---|
| **क्र. सं.** | **स्रोतको नाम** | **परिवार संख्या** |
| १ | पाइप-धारा (घरमै भएको) | १३९६ |
| २ | ट्युबवेल | ८ |
| ३ | इनार/कुवा/जरुवा | १४७ |
| ४ | नदि/कुलो/नहर/पोखरी | ८ |
| ५ | बर्षातको पानी | ० |
| ६ | अन्य | ५ |
| | **जम्मा :** | **१५६४** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)


बहुसंख्यक वडाबासीहरुको घरमै धारा रहेको छ।

घरमै धारा भएको परिवारहरु बाहेक १५९ परिवारहरुले १५ मिनेटको दुरीबाट खानेपानी ल्याउने गर्दछन् र ५ परिवारहरुले ३० मिनेट भन्दा बढी समय लागाउने गर्दछन्। यस वडाका घरपरिवारले प्रयोग गरिरहेका खानेपानीको मूख्य स्रोत सम्म लाग्ने दुरी तल उल्लेख गरिएको छः

| घरधुरीको खानेपानीको मुख्य स्रोतको दुरी | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **दुरी** | **घरधुरीबाट मूख्य स्रोत सम्मको दुरी (प्रतिशतमा)** | **घरधुरी संख्या** | **कैफियत** |
| १ | १५ मिनेट | १०.१७% | १५९ | |
| २ | १५ देखि ३० मिनेट | ०.००% | ० | |
| ३ | ३० मिनेट भन्दा बढी | ०.३२% | ५ | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)


खानेपानी शुद्धीकरण विधिबारे वडाबासीहरुको जानकारी अनुसार श्रोतमा नै शुद्ध पानी छ भन्ने घरपरिवार ६८.९०% छन् र केही नगरी पिउने गरेका वडाबासीहरु १५.३१% रहेका छन्। खानेपानी शुद्धीकरण विधिको प्रयोगबारे थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

उक्त तालिका अनुसार सुरक्षित फिल्टर जडान भएको छ भन्ने वडाबासीहरु ५.५७% छन् र उमालेर प्रयोग गर्ने वडाबासीहरु १०.२२% छन्। कतिपय परिवारहरुले एक भन्दा बढि बिधि प्रयोग गरिरहेको पाईएको छ।

खानेपानीको कारणले विगत १ वर्षमा रोग लागेका घरपरिवारको संख्या जम्मा २४ रहेको पाईयो जस्मा ८ जनालाई हैजा/झाडावान्ता, ८ जनालाई टाईफाइड, ५ जनालाई जन्डिस र एक एक जनालाई रगतमासी, जिआरडिया र जुकाको संक्रमण भएको पाईयो। उक्त संख्यालाई तलको तालिकामा प्रतिशतमा प्रस्तुत गरिएको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

# खण्ड ५ शैक्षिक अवस्था

## ५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण

यस वडामा लेखपढ गर्न सक्ने महिला अर्थात साक्षर महिला ८५.०५ प्रतिशत छन् भने १४.९५ प्रतिशत महिला अहिले पनि असाक्षर छन्। बालबालिकाको साक्षरता अवस्था महिलाको भन्दा राम्रो अवस्थामा छ। बालबालिकाको साक्षरता प्रतिशत ९९.५१ प्रतिशत रहेको छ। बालिकाको साक्षरता बालकको भन्दा बढि रहेको छ। बालबालिकाको साक्षरता प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा ०.४९ प्रतिशत बालबालिका निरक्षर रहेको देखिन्छ।

## ५.२ शैक्षिक संस्थाहरुको विवरण

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | ठेगाना |
|---|---|---|---|
| सामुदायिक | शान्ति बहिरा तथा सुस्त श्रवण | (१-८) | हे.न.पा. – ६ |
| सामुदायिक | बाल जागृति युवा वर्ष मा.वि. | (१-१०) | हे.न.पा. – ६ |
| सामुदायिक | बंशगोपाल मा.वि. | (१-१२) | हे.न.पा. – ६ |
| सामुदायिक | कृष्ण प्राथमिक विद्यालय | (१-५) | हे.न.पा. – ६ |
| संस्थागत | प्रज्वल शिक्षा सदन निमावि | (१-१०) | हे.न.पा. – ६ |
| संस्थागत | सुनगाभा इबो स्कुल मावि | (१-१०) | हे.न.पा. – ६ |
| संस्थागत | मुनलाईट ईन्टरनेशनल पुर्व प्रावि | (१-६) | हे.न.पा. – ६ |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

## ५.३ छात्रछात्राको विवरण

### ५.३.१ शैक्षिक संस्था र विध्यार्थी विवरण

यस वडामा रहेको एक सामुदायिक र एक संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक | विद्यार्थी संख्या |
|---|---|---|---|

| | | किसिम | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|---|
| सामुदायिक | शान्ति बहिरा तथा सुस्त श्रवण | (१-८) | ११ | २० | ३१ |
| सामुदायिक | बाल जागृति युवा वर्ष मा.वि. | (१-१०) | १२७ | ११४ | २४१ |
| सामुदायिक | बंशगोपाल मा.वि. | (१-१२) | ४०९ | ३५७ | ७६६ |
| सामुदायिक | कृष्ण प्राथमिक विद्यालय | (१-५) | ९४ | ११० | २०४ |
| संस्थागत | प्रज्वल शिक्षा सदन निमावि | (१-१०) | ५० | ७५ | १२५ |
| संस्थागत | सुनगाभा इबो स्कुल मावि | (१-१०) | १४५ | १४७ | २९३ |
| संस्थागत | मुनलाईट ईन्टरनेशनल पुर्व प्रावि | (१-६) | ४९ | ६० | १०९ |
| | **जम्मा** | | **८८५** | **८८३** | **१७६८** |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

माथिको तालिका अनुसार जम्मा विद्यार्थी संख्या १,७६८ (सामुदायिक – १,२४२ र संस्थागत – ५२६) रहेको छ। सामुदायिक विद्यालयमा संस्थागत विद्यालयमा भन्दा धैरै विद्यार्थीहरु अध्ययनरत छन्। विद्यालयमा बालक भन्दा बालिकाको उपश्थिति धैरै देखिन्छ। सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुको संख्यालाई हेर्दा बालक भन्दा बालिकाको संख्या तुलनात्मक रुपमा धैरै रहेको छ। तर संस्थागत विद्यालयमा सामुदायिक विद्यालयको भन्दा बढि अनुपातमा बालकहरुको उपश्थिति देखिन्छ। छोराहरुलाई अग्रेजी माध्यमको विद्यालयमा पढाउने प्रवृत्ति रहेको देखिन्छ। समग्रमा विद्यालयहरुको अवस्था राम्रो रहेको छ। माथिको तथ्याङ्कमा यस वडाबाट बाहिर अध्ययनकालागि गएका बालबालिकाहरु समावेश भएको पाईदैन।

### ५.३.२ वडाको बिद्यार्थी विवरण


यस वडाका अध्ययनरत बालबालिकाको संख्या जम्मा १६४२ रहेका छन् जसमध्ये ८८६ बालक र ७५६ बालिका रहेका छन् अर्थात बालिका भन्दा बालकको संख्या धैरै छ। विभिन्न कक्षा समूहमा अध्ययनरत बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः

| कक्षा | बालिका | बालक | जम्मा | यौनिक तथा अल्पसंख्यक |
|---|---|---|---|---|
| ० देखि ५ कक्षा | ४२१ | ५३६ | ९५७ | ० |
| ६ देखि ८ कक्षा | १४० | १५४ | २९४ | ० |
| ९ देखि १० कक्षा | १२४ | ११० | २३४ | ० |
| ११ देखि १२ कक्षा | ७१ | ८६ | १५७ | ० |
| **जम्मा:** | **७५६** | **८८६** | **१६४२** | **०** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिकाको विश्लेषण गर्दा सबैभन्दा धैरै बालबालिका पूर्व प्राथमिक र प्राथमिक तह (५ सम्म) मा अध्ययनरत छन् भने उच्च मध्यामिक तह अर्थात ११ देखी १२ कक्षामा सबैभन्दा कम अध्ययनरत छन् त्यस्तैगरी निमावि (६ देखी ८) आधारभूत र मध्यामिक कक्षामा क्रमशः २९४ र २३४ जना बालबालिका अध्ययनरत छन्। माथिको विवरणमा सानो कक्षाहरुमा भए जति बालबालिका माथिल्लो कक्षाहरुमा देखिएन अर्थात त्यो संख्या कम हुदै गएको देखिन्छ। यसका धैरै कारणहरु हुन सक्दछन्।

कूल विद्यार्थीलाई आधारमा मान्दा पूर्व प्राथमिक र प्राथमिक तह (५ सम्म) मा अध्ययनरत विद्यार्थी ५८.३ प्रतिशत छन् भने उच्च मध्यामिक तहमा अध्ययनरत विद्यार्थी ९.६ प्रतिशत छन्। अध्ययनरत विद्यार्थीहरुको कक्षा समूहगत प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

त्यस्तैगरी आधारभूत (निमावि) र मध्यामिक कक्षामा क्रमशः १७.९ र १४.३ प्रतिशत बालबालिका अध्ययनरत छन्।

५-१४ वर्ष उमेरका बालबालिकाहरुको शैक्षिक अवस्था निम्नानुसार रहेको छः

| **५ देखि १४ वर्ष उमेरका बालबालिका** | | | **आधारभूत १-८ कक्षा सम्मको शिक्षा पूरा गरेका बालबालिका** | | |
|---|---|---|---|---|---|
| **बालिका** | **बालक** | **जम्मा** | **बालिका** | **बालक** | **जम्मा** |
| ५०७ | ५९८ | ११०५ | ४२७ | ५२१ | ९४८ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

कूल ५-१४ वर्ष उमेरका १,१०५ बालबालिकाहरु मध्ये ९४८ अर्थात ८५.८२ प्रतिशत बालबालिकाले मात्र आधारभूत शिक्षा पूरा गरेका छन्।

## ५.४ विद्यालय पुग्न लाग्ने समय

घरबाट विद्यालय पुग्न लाग्ने समयलाई समग्र विश्लेषण गर्दा धरै जसो घरपरिवारलाई १५ मिनेट भन्दा कम समय लाग्ने गरेको पाईयो अर्थात ७७.३९ प्रतिशत घरपरिवारलाई १५ मिनेट सम्ममा विद्यालय पुग्न सकिने देखिन्छ। १५ देखि ३० मिनेट र ३० देखि १ घण्टाको समयमा विद्यालय पुग्न सक्ने घरपरिवार क्रमशः १७.५४ र ५ प्रतिशत रहेका छन्। ०.०७ प्रतिशत घरपरिवारलाई १ घण्टा भन्दा बढि समय लाग्ने गरेको देखिन्छ। विद्यालय पुग्न लाग्ने समयलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

| **घरबाट विद्यालय पुग्न लाग्ने समयलाई** | |
|---|---|
| १५ मिनेट भन्दा कम | ७७.३९% |
| १५ देखि ३० मिनेट सम्म | १७.५४% |

| | |
|---|---|
| ३० मिनेट देखि १ घन्टा सम्म | ५.००% |
| १ घन्टा भन्दा बढी | ०.०७% |
| | १००.००% |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

## ५.५ विद्यालयमा खानेपानीको सुविधा

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा खानेपानीको सुविधा उपलब्ध भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | खानेपानी सुविधा |
|---|---|---|---|
| सामुदायिक | शान्ति बहिरा तथा सुस्त श्रवण | (१-८) | भएको |
| सामुदायिक | बाल जागृति युवा वर्ष मा.वि. | (१-१०) | भएको |
| सामुदायिक | बंशगोपाल मा.वि. | (१-१२) | भएको |
| सामुदायिक | कृष्ण प्राथमिक विद्यालय | (१-५) | भएको |
| संस्थागत | प्रज्वल शिक्षा सदन निमावि | (१-१०) | भएको |
| संस्थागत | सुनगाभा इबो स्कुल मावि | (१-१०) | भएको |
| संस्थागत | मुनलाईट ईन्टरनेशनल पुर्व प्रावि | (१-६) | भएको |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

## ५.६ छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था उपलब्ध भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | शौचालय |
|---|---|---|---|
| सामुदायिक | शान्ति बहिरा तथा सुस्त श्रवण | (१-८) | भएको |
| सामुदायिक | बाल जागृति युवा वर्ष मा.वि. | (१-१०) | भएको |
| सामुदायिक | बंशगोपाल मा.वि. | (१-१२) | भएको |
| सामुदायिक | कृष्ण प्राथमिक विद्यालय | (१-५) | भएको |
| संस्थागत | प्रज्वल शिक्षा सदन निमावि | (१-१०) | भएको |
| संस्थागत | सुनगाभा इबो स्कुल मावि | (१-१०) | भएको |
| संस्थागत | मुनलाईट ईन्टरनेशनल पुर्व प्रावि | (१-६) | भएको |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

## ५.७ कक्षाकोठा, फर्निचर, खेल मैदान सम्बन्धि विवरण

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा कक्षाकोठा तथा फर्निचर र खेल मैदान सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक | आवश्यकिय सुविधा |
|---|---|---|---|

| | | किसिम | खेल मैदान | कोठा र फर्निचर |
|---|---|---|---|---|
| सामुदायिक | शान्ति बहिरा तथा सुस्त श्रवण | (१-८) | छ | छ |
| सामुदायिक | बाल जागृति युवा वर्ष मा.वि. | (१-१०) | छ | छ |
| सामुदायिक | बंशगोपाल मा.वि. | (१-१२) | छ | छ |
| सामुदायिक | कृष्ण प्राथमिक विद्यालय | (१-५) | छ | छ |
| संस्थागत | प्रज्वल शिक्षा सदन निमावि | (१-१०) | छ | छ |
| संस्थागत | सुनगाभा इबो स्कुल मावि | (१-१०) | छ | छ |
| संस्थागत | मुनलाईट ईन्टरनेशनल पुर्व प्रावि | (१-६) | छ | छ |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

## ५.८ विद्यालय भर्ना नभएका बालबालिकाको विवरण

विद्यालय भर्ना नभएका बालबालिका जम्मा १३ जना रहेका छन् जस्को लैंङ्गिकता र उमेर निम्नानुसार रहेका छन्:


| लिङ्ग | ५ देखि ९ वर्ष | १० देखि १४ वर्ष | १५ देखि १८ वर्ष | जम्मा |
|---|---|---|---|---|
| **बालिका** | ० | ० | ५ | ५ |
| **बालक** | १ | ० | ७ | ८ |
| **जम्मा** | **१** | **०** | **१२** | **१३** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

१५-१८ वर्षका धैरै बालबालिकाहरु विद्यालय भर्ना नभएको र बालिका भन्दा बालकहरु विद्यालय भर्ना नभएको पाईयो।

## ५.९ विद्यालय जान छोड्नेहरु सम्बन्धि विवरण

यस वडामा जम्मा ५ जना (२ बालक र ३ बालिका) विद्यालय जान छाडेका बालबालिका रहेका छन्। विद्यालय छोड्नु पर्ने कारणहरु तलको तालिकामा प्रस्तुत गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

विद्यालय छोड्नुको कारणहरु विश्लेषण गर्दा मुख्य कारणको रुपमा पारिवारिक समस्या जस्तै झगडा देखिएको छ।

## ५.१० बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण

यस वडाका ३-५ वर्ष उमेर समूहका बालबालिकाको संख्या ३२९ रहेको छ। बाल विकास केन्द्र वा पूर्व प्रा.बि. तहमा जाने (३ देखि ५ वर्ष सम्मका) बालबालिकाको संख्या २७९ रहेको छ। जस्मा बालकको संख्या १२३ र बालिकाको संख्या १५६ रहेका छन्। वडाको उक्त उमेर समूहका जम्मा बालबालिका र बाल विकास केन्द्र वा पूर्व प्रा.बि. तहमा गईरहेका बालबालिकाको तुलनात्मक अवस्था तलको तालिकामा उल्लेख गरिएको छः

| **क्र.सं.** | **३-५ वर्ष उमेरका बालबालिका** | **वडाको संख्या** | **बाल बिकास केन्द्र वा पूर्व प्राथमिक विद्यालय जाने** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| **१** | बालिका संख्या | १४४ | बालिका संख्या | १२३ | ८५.४२ |
| **२** | बालक संख्या | १८५ | बालक संख्या | १५६ | ८४.३२ |
| | **जम्मा:** | **३२९** | **जम्माः** | **२७९** | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जम्मा ८४.८० प्रतिशत बालबालिकाहरु बाल विकास केन्द्र/पूर्व प्राथमिक विद्यालयमा गईरहेका छन्।

# खण्ड ६ बाल संरक्षण

## ६.१ द्धन्द्ध पिडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण

बाकी

यस वडामा द्धन्द्ध पिडित बालबालिका भएको पाईएन। यस वडामा महामारीले लगभग ८.९ प्रतिशत घरपरिवार प्रभावित भएको हुँदा ती परिवारका बालबालिका जोखिम परेको देखिन्छ। यस वडामा १५.०९ प्रतिशत ज्याला मजदुरीबाट आम्दानी गर्ने परिवराहरु छन् र ज्याला मजदुरी आफैमा न्यून आय हो र महामारीको मारमा उनीहरुको पेशा परेको कारण ज्याला मजदुरी गर्न नसकिने अवस्था श्रृजना हुन गई उनीहरुको बालबालिकाहरु जोखिममा छन्। यस वडामा ६ महिना भन्दा कम समयकोलागि खान पुग्ने ४७ प्रतिशत परिवार रहेको देखिन्छ। यो परिवार महामारीको प्रभावमा पनि छ। त्यसकारण यस परिवारको बालबालिका उच्च जोखिममा रहेको देखिन्छ।


## ६.२ विस्तापित बालबालिका सम्बन्धी विवरण

विस्थापित भएका बालबालिका यस वडामा रहेको पाईएन।

## ६.३ बालबालिकामाथि हुने भेदभाव सम्बन्धी विवरण

बालबालिकाले परिवारमा कमजोरी गरेमा घरपरिवारले गर्ने व्यवहारको विश्लेषण गर्दा बहुसंख्यक ८९.७३ प्रतिशत घरपरिवारले सम्झाउने गरेको पाईयो भने १.०६ प्रतिशत घरपरिवारले कुटपिट कुटपिट जस्तो कठोर कार्य गर्ने गरेको पाईयो। गालि गर्ने परिवार ९.२० प्रतिशत रहेको पाईयो। तर घरमा आफ्ना छोराछोरी विच शिक्षामा, खानपिनमा, घरेलुकाममा र पोशाकमा भेदभाव गर्ने गरेको पाईएन।

त्यस्तै गरी बिद्यालयमा बालबालिकाले गल्ती गरेमा पाउने सजायहरुको बारेमा विश्लेषण गर्दा सबैभन्दा धेरै सम्झाई बुझाई गर्ने र सबैभन्दा कम हेप्ने/निन्दा गर्ने/मनोवैज्ञानिक तनाब दिने गरेको पाईयो। बिद्यालयमा बालबालिकाले गल्ती गरेमा पाउने सजायहरुका किसिम र प्रतिशत तल प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

त्यस्तैगरी यस वडामा विद्यार्थीमाथि गाली गर्ने ९ प्रतिशत र १ प्रतिशत कुटपिट गर्ने जस्ता कठोर सजाय पनि दिने गरेको पाईयो।

विगत एक वर्षमा महिला तथा बालबालिका माथि घरपरिवारमा कुनै हिँसाको वा सामाजिक कुरीति सम्बन्धी घटना घटेकोबारे विश्लेषण गर्दा यस वडाका १ वटा परिवारमा घरेलु हिँसाको घटना घटेको पाईयो।

### ६.४ बालश्रमिक सम्बन्धी विवरण

यस वडामा जम्मा ७ जना बालबालिका बालश्रममा रहेको पाईयो। उमेर समूह अनुसार बालश्रम सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | उमेर समूह | बालिका | बालक |
|---|---|---|---|
| १ | ० देखि ५ वर्ष | ० | ० |
| २ | ६ देखि १०वर्ष | ० | ० |
| ३ | ११ देखि १५ वर्ष | १ | १ |
| ४ | १६ देखि १८ वर्ष | १ | ४ |
| ५ | १९ वर्ष भन्दा माथि | ० | ० |
| | जम्मा : | २ | ५ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिका अनुसार उमेर समूह ११-१५ र १६-१८ को क्रमशः २ जना बालबालिका (१ बालिका र १ बालक) र ५ जना बालबालिकाहरु (१ बालिका र ४ बालक) बालश्रम रहेका पाईएको छ।

उनीहरुको कामको प्रकृती हेर्दा व्यक्तिको घरमा १ जना, उद्योग/कलकारखानामा २ जना र होटल/पसलमा ४ जना रहेका छन्। काम गर्ने समयलाई हेर्दा दिनको ६ देखी १० घण्टा काम गर्ने ५ जना, ५ घन्टा भन्दा कम काम गर्न पर्ने १ जना र ११ देखी १५ घण्टा काम गर्ने १ जना रहेका छन्। उनीहरु विगत १ वर्ष देखि ४ जना, विगत २ वर्ष देखी १ जना र विगत ४ वर्ष देखी २ जना कार्यरत रहेको पाईएको छ। तलब नगदमा लिने ६ जना छन् भने तलबनै नलिने १ जना छन्।

उनीहरुको आफ्नो अभिभावकसंग वर्षमा भेटघाट गर्न पाउने समयलाई विश्लेषण गर्दा ४० प्रतिशत बालश्रमिकको बर्षको ३ देखी ५ पटक र ६० प्रतिशत बालश्रमिकको ६ देखी ८ पटक भेटघाट गर्न पाउंदा रहेछन्। ७ जना बालश्रमिक मध्ये ३ जना विद्यालय जाने गरेका छन् भने ४ जना विद्यालय नजाने गरेका छन्। बाल श्रमिकको रुपमा कार्य गर्दा उनीहरुले गालीगलौज, खेल्नमा भेदभाव र समयमा पारिश्रमिक नपाउने समस्याहरु झेल्नु परेको बताएका छन्।

### ६.५ बाल यौन शोषण तथा बेचविखन सम्बन्धी विवरण

बालबालिका भएको घरपरिवारहरु मध्ये बाल यौन शोषण छ भनेको पाईएन। ०.३२ प्रतिशत परिवारलाई बाल यौन शोषणबारे थाहा नभएको पाईयो। बाल यौन शोषण भएको या नभएको थाहा छैन भन्ने घरपरिवारले बाल यौन शोषण भित्र कस्ता कस्ता हिँसाका कुराहरु पर्दछन् भन्ने नजानेका हुन सक्दछन्।

यस वडामा बेचबिखनको घटना नघटेको पाईयो।

### ६.६ सडक बालबालिकाको विवरण

यस वडामा १ जना बालक सडक बालबालिकाको रुपमा जिल्ला बाहिर बिरगन्ज/सिमरामा रहेको पाईएको छ।

### ६.७ कुलतमा लागेका बालबालिकाको विवरण

कुलतमा लागेका बालबालिका भएको पाईएन।

### ६.८ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण

यस वडामा HIV Positive आमा/बुवाबाट जन्मेका बालबालिका भएको पाईएन। मुटु रोग, मृगौला सम्बन्धि रोग र ब्रेन ट्युमर जस्ता दिर्घ रोगबाट ग्रसित भई मृत्यु हुने बालबालिकाको संख्या ५ रहेको छ। त्यस्तैगरी बितेका १ वर्षभित्र यस वडाका ९ जना ५ वर्षमुनिका बालबालिका (२ बालिका र ७ बालक) को मृत्यु हुन पुगेको छ।

### ६.९ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण

ज्याला मजदुरी गर्ने परिवारको संख्या र वर्षभरी धान्न सक्ने जीविकोपार्जनको अवस्थालाई हेर्दा यस वडामा खाद्यान्न संकटमा परेका परिवार रहेको देखिन्छ। ज्याला मजदुरीलाई पेशाको रुपमा लिएको परिवार १६ प्रतिशत छन् र यो परिवार खाद्यान्न संकटमा रहेको देखिन्छ। त्यस्तैगरी ३ महिना भन्दा कमका लागि खान पुग्ने अवस्थामा छन् ०.२% र ६ महिना भन्दा कम अवधिको लागि खान पुग्ने अवस्थामा ०.२% परिवार छन् र ती परिवारको वर्षभरीको जीविकोपार्जन धान्न मुस्किल छ। उक्त परिवारमा रहेका बालबालिकाको खाद्यान्न संकटको विस्तृत खोज विवरण वडा कार्यलयले संकलन गरेर घटना व्यवस्थापन गर्न आवश्यक छ।

### ६.१० जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिकाको विवरण

यस वडामा जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिका भएको पाईएन।

### ६.११ संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण

यस वडामा २ बालिका सहित ६ जना बालबालिकाहरु बालगृह र होस्टलको संस्थागत हेरचाहमा रहेको पाईयो। बेद विद्याश्रममा १ जना, बालगृहमा १ जना र संस्थागत विद्यालयको होस्टलमा ४ जना रहेको पाईयो।

उनीहरु बस्दै आएको समयलाई हेर्दा विगत ६ वर्ष देखि बस्दै आएकाहरु ५ जना र १ जना ७ देखी १० भैसकेको पाईयो। धेरैजसो संस्थागत हेरचाहमा रहेका बालबालिकाहरु आफ्नो विद्यालय पढाईको लागि होस्टलमा बस्दै आएको पाईयो भने १ जना आफन्त कोहि नभएर बालगृहको हेरचाहमा रहेको पाईयो।

# खण्ड ७ आर्थिक विकास

## ७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण

यस वडाका कूल परिवार संख्या १५६४ का १९०० पारिवारिक सदस्यहरु मध्ये ३७.१ प्रतिशत व्यक्तिहरु कृषि पेशामा आवद्ध छन्। पारिवारिक सदस्यहरुको पेशा/रोजगारी विवरण निम्नानुसार छन्:


| क्र.सं. | परिवार सदस्यहरुको मुख्य पेशा/रोजगारी | प्रतिशत | संख्या |
|---|---|---|---|
| १ | कृषि | ३७.१% | ७०५ |
| २ | ब्यापार-व्यवसाय | १९.७% | ३७४ |
| ३ | सेवा-नोकरी | २७.६% | ५२४ |
| ४ | ज्याला मजदुरी | १५.६% | २९७ |
| ५ | उद्योग | ०.०% | ० |
| | **जम्मा** | **१००%** | **१,९००** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

परिवारहरुका सदस्यहरुको मुख्य पेशालाई विश्लेषण गर्दा सेवा-नोकरीमा २७.६% संलग्न छन् भने व्यापार-व्यवसायमा १९.७% संलग्न छन्। त्यस्तैगरी ज्याला मजदुरीमा १५.६% संलग्न छन्। उद्योगमा संलग्न भएको कोही पनि पाईएनन्।

## ७.२ आम्दानीले खान पुग्ने अवस्था सम्बन्धी विवरण


वर्षभरीको जीविकोपार्जनमा परिवारको आफ्नो उत्पादन/आम्दानीले धान्न सक्ने अवस्थाको विश्लेषण गर्दा कूल परिवार मध्ये १.९ प्रतिशत परिवारहरु आफ्नो आम्दानीले वर्षभरी खान पुग्ने र बचत पनि गर्न सक्ने अवस्थामा छन् र १० देखी १२ महिना सम्म खान पुग्ने परिवार ७५.१% छन्। ५.७ प्रतिशत साह्रै कमजोर परिवार रहेका छन् जो ३ महिना भन्दा कमका लागि मात्र जीविकोपार्जन धान्न सक्ने अवस्थामा छन्। ३ देखि ६ महिना सम्मकोलागि खान पुग्ने अवस्थामा ४.९% परिवार छन्। ७ देखि ९ महिना सम्मकोलागि खान पुग्ने परिवार १२.५% छन्। आम्दानीले जीविकोपार्जन धान्न सक्ने अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ७.३ युवा पेशा/रोजगारी सम्बन्धी विवरण

यस वडाका १६ देखी ४० वर्षका १४६८ युवाहरु विभिन्न पेशा/रोजगारीमा आवद्ध रहेका छन्। कृषिमा ६९६ जना, व्यापार व्यवसायमा २३५, जागिरमा २८२ जना र ज्याला मजदुरीमा २५५ आवद्ध छन्। सबैभन्दा बढि युवाहरु कृषिमा छन् र उद्योगमा शुन्य छन्। पेशा/रोजगारीमा संलग्न भएका युवाहरुको विवरण प्रतिशतमा निम्नानुसार रहेको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

(नोटः माथि उल्लेखित तथ्याङ्क बालबालिका भएका परिवारको युवा रोजगारीको मात्र हो)

### ७.४ रोजगारीकालागि विदेशमा गएकाहरुको विवरण

वडाका घरपरिवारबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या २७३ रहेको छन्। ती वैदेशिक रोजगारमा गएका व्यक्तिहरु मध्ये १५.१ प्रतिशत महिला छन्। वैदेशिक रोजगारमा रहेका व्यक्तिहरु विगत लामो समय देखी गएको देखिन्छ। ५ वर्ष भन्दा कम र सो भन्दा बढि वर्ष गरेर दुई भागमा छुट्ट्याएर हेर्दा ५ वर्ष भन्दा कम समय वैदेशिक रोजगार रहेका व्यक्ति ७५.१ प्रतिशत छन् र उक्त विश्लेषण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | परिवारको सदस्यहरु वैदेशिक रोजगारीमा गएको अवधि | प्रतिशत |
|---|---|---|
| १ | ५ वर्ष भन्दा कम | ७५.१% |
| २ | ५ वर्ष भन्दा बढि | २४.९% |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

# खण्ड ८ प्रकोप तथा शान्ति सुरक्षा

### ८.१ प्रकोपको विवरण

बालबालिका भएको परिवारहरु मध्ये यस वडामा प्रकोपको कारणले प्रभावित ३७८ परिवार रहेका छन्। महामारी, हुरी, बाढि, पहिरो, खडेरी र आगलागी जस्ता प्रकोपबाट वडाबासी प्रभावित भएको पाईएको छ।

बालबालिका अध्ययन गर्ने विद्यालयमा प्रकोप जोखिमको अवस्थालाई हेर्दा भुकम्पको जोखिम रहेको देखिन्छ।

बिद्यालय आउँदा जाँदा बालबालिकालाई हुन सक्ने जोखिमहरु भएको पाईएन।

### ८.२ प्रकोपबाट भएको क्षतिको विवरण

प्रकोपबाट भएको क्षति विवरण नभएको।

### ८.३ बाल अपराधको विवरण

बाल अपराध सम्बन्धि कुनै विवरण भएको पाईएन।